# परराष्ट्र सेवाका कर्मचारीहरुका लागि तालीम नीति, २०६९

१ **पृष्ठभूमि:**

परराष्ट्र मन्त्रालयको संगठन बढ्दो कार्य बोझसँगै क्रमिक रुपमा विस्तार हुँदै गएको छ । केही वर्षअघि झण्डै सय जनाको हाराहारीमा रहेको मन्त्रालयको जनशक्ति विदेश स्थित नेपाली नियोगको विस्तार तथा केन्द्रीय राहदानी विभागको स्थापना सँगै दोब्बर भन्दा बढी पुग्न गएको छ । नयाँ नियुक्त भै आएका कर्मचारीहरुलाई समयानुकूल कुटनीतिक तथा भाषा तालीम प्रदान गरी उनीहरुको दक्षता, क्षमता तथा ज्ञानसीपको अधिकतम विकास तथा उपयोग गर्नुपर्ने अवस्था रहेको छ । परराष्ट्र सेवामा कार्यरत कर्मचारीलाई तालीमको माध्यमबाट मुलुकको परराष्ट्र नीति सञ्चालनको उद्देश्य हासिल गर्न सघाउ पुऱ्याउन तथा नेपालको कुटनीतिक क्षमतालाई अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धी बनाइ राष्ट्रिय हित संरक्षण तथा प्रवर्द्धनमा योगदान पुऱ्याउन परराष्ट्र सेवाका कर्मचारीहरुका लागि तालीम नीति, २०६९ तर्जुमा गरिएको छ ।

२ **आवश्यकता र औचित्य:**

परराष्ट्र मन्त्रालयले गर्ने विशिष्टीकृत कार्य प्रकृतिलाई मध्यनजर गर्दै निजामती सेवा ऐन, २०४९ मा भएको दोश्रो संशोधन पश्चात परराष्ट्र सेवाको गठन भएकोले नेपाल परराष्ट्र सेवा अन्य छिमेकी मुलुकहरुको तुलनामा अझै प्रारम्भिक अवस्थामै रहेको छ । परराष्ट्र मन्त्रालयको विशिष्टीकृत कार्य प्रकृतिका कारण यहाँको जनशक्ति पनि विशिष्ट प्रकृतिको हुनु स्वाभाविक छ । यद्यपि यस सेवामा कार्यरत कर्मचारीको कार्य प्रकृति अनुसारको व्यवसायिक तालीमको अवसर कम रहेको, पर्याप्त स्रोत साधन जुट्न नसकेको, हाल निजामती सेवा ऐन तथा सो नियमावलीमा भएको व्यवस्था अनुरुप कार्य क्षमताको आधारबाट हुने बढुवामा दुई महिना भन्दा बढी वैदेशिक तालीमको अवधिको भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको अंक प्रदान गर्दा तोकिएको अंकको आधा अंक दिने व्यवस्थाले प्राप्त भएको सिमित अवसर समेतमा उत्साहजनक सहभागिता हुन नसकेको र स्वदेशी तथा विदेशी तालीमलाई कार्य सम्पादनसँग आवद्ध गर्न सकिएको छैन । त्यसैगरी विभिन्न मुलुकहरुसंगको पारस्परिक सम्बन्धको विविधता, प्रविधि विकास र हस्तान्तरण, विश्वव्यापीकरण, वातावरणीय परिवर्तन र आर्थिक सिद्धान्तको परिवर्तनबाट कुटनीतिक सम्बन्ध विस्तारमा नवीन चुनौतीहरु थपिएका छन । आर्थिक कुटनीतिको बढ्दो आवश्यकता सँगै खाडी क्षेत्र तथा युरोपका कतिपय मुलुकहरुमा नेपाली कामदारहरुको संख्यामा वृद्धि हुँदै गएकोले नेपालीहरुको हकहित सम्बर्द्धनको लागि समेत थप नेपाली नियोगहरु स्थापना गर्नुपर्ने अवस्था बन्दै गएको छ । हालका वर्षहरुमा मलेशिया, दक्षिण कोरिया लगायत खाडी मुलुकहरुमा रोजगारीका लागि जाने नेपाली कामदारको हित रक्षार्थ सम्बन्धित मुलुकको भाषाको समेत ज्ञान हासिल गर्नुपर्ने थप आवश्यकता सिर्जना भएको छ ।

रा.प.तृतीय श्रेणीमा नयाँ नियुक्त भै आउने कर्मचारीहरुमध्ये कुटनीतिक सेवामा प्रवेश गर्ने कर्मचारीहरुलाई पदस्थापना हुनु पूर्व नै छुट्टै सेवा प्रवेश तालीम दिने गरी नेपाल सरकारबाट नीतिगत निर्णय भैसकेको छ । सो व्यवस्थाका अतिरिक्त परराष्ट्र मन्त्रालयमा नियुक्त भै आउने अन्य श्रेणी र तहका कर्मचारीहरु तथा मन्त्रालयका अन्य सम्पूर्ण कर्मचारीहरुलाई सेवा प्रवेश तालीम, सेवाकालीन तालीमको अतिरिक्त आफ्नो कार्य क्षेत्रसंग सम्बन्धित विषयमा वैदेशिक कुटनीतिक तालीम प्रदान गर्ने कार्यलाई थप सशक्त पार्नुपर्ने अवस्था रहेको छ ।